**निर्णय नं. १**

रत्ननगर नगरपालिका अन्तर्गत वडा नं. ९ र १० को वडा कार्यालय संचालनको लागि र.न.पा. ९ निवासी श्री घुराई महतोको भाडामा कोठा ४ को प्रति महिना ३४५०।– का दरले ०७३ चैत्र १६ गतेदेखि ०७४ आषाढ मसान्तसम्मको २०७३ फाल्गुण १६ गतेको घरभाडा जम्मा रु. ४४,८५०।–, विद्युत् महशुल– रु. १३७८।– र पानी महशुल रु. १००।– गरी कुल रकम रु. ४६,५२८।– घरधुनी श्री घुराही महतोलाई भुक्तानी दिने र सोही वडा कार्यालय संचालन प्रयोजनका लागि वडा नं. ४ र ८ को सम्झौता अनुसार ०७४ आषाढमसान्तसम्मको घर भाडा रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २**

यस रत्ननगर न.पा.को फोहर व्यवस्थापन गर्नका लागि र.न.पा. ५ निवासी श्री सोमल महतोको ना.१.त. ६१४२ को टेक्टर प्रति महिना रु. ६०,०००।०० का दरले उपलब्ध गराउने निर्णय ०७३ साल जेष्ठ ३० गते भएको र हाल निज टेक्ट्रधनीले पाउनु पर्ने ०७३ चैत्रदेखि ०७४ आषाढ मसान्त ४ (चार) महिनाको एकमुष्ठ रु. २,४०,०००।०० (दुई लाख चालिस हजार मात्र) फोहर व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

रत्ननगर नगरपालिका नगर कार्यपालिका (कार्य सम्पदान) नियमावली २०७४ को अनुसुची–३ बमोजिम तपशिलका समितिहरुमा निम्न पदाधिकारी संयोजक रहने गरी निर्णय गरियो ।

तपशिल :

क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति, संयोजक – श्री चित्र बहादुर भण्डारी
ख) सामाजिक विकास समिति, संयोजक – श्री केशव आचार्य
ग) पूर्वाधार विकास समिति, संयोजक – श्री हरि कुमार श्रेष्ठ
घ) विद्येयक समिति, संयोजक – श्री तिलक राज पौडेल
ङ) आर्थिक विकास समिति, संयोजक – श्री गुप्तनाथ भट्टराई
च) वातावरण विपद् व्यवस्थापन समिति, संयोजक – श्री बलराम दाहाल

नारायण बन
नगर प्रमुख